# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०५।१७ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं. ४ स्थित दैरीखोला रावलवाडा तटबन्धन कार्यक्रम उपभोक्ता समितिका अध्यक्षसमेतले तटवन्ध निर्माणको लागि आएको तारको जाली बिक्री गरी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा मुगु, जिल्लाको सोरु गाउँपालिका वडा नं. ४ स्थित दैरीखोला रावलवाडा तटबन्धन आयोजनामा कार्यको मूल्याङ्कनभन्दा बढी रु. १८,१०,०८४।९६ भुक्तानी लिने/दिने गरी आफूलाई गैरकानूनी लाभ पुर्‍याई नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुर्‍याउने देहायका व्यक्तिहरुलाई देहाय बमोजिम सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय:**

१. **भू तथा जलाधार कार्यालय जुम्लाका तत्कालीन कार्यालय प्रमुख शेर वहादुर श्रेष्ठ र सव-इन्जिनियर दान वहादुर वुढ्थापाले** मुगु जिल्लाको सोरु गाँउपालिका वडा नं. ४ स्थित दैरीखोला रावलवाडा तटबन्धन आयोजनाको झुट्टा विल भरपाईको आधारमा यथार्थ नापजाँच नगरी गलत नापी किताव तयार एवं कार्यसम्पन्न प्रतिवेदनलाई स्वीकृति गरी वास्तविक भए गरेको कार्यको मूल्याङ्कनभन्दा बढी भुक्तानी दिई उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षसँग मिलेमतो गरी आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेकोले निजहरु शेर वहादुर श्रेष्ठ र दान वहादुर वुढ्थापालाई रु.१८,१०,०८४।९६ (अक्षरुपी अठार लाख दश हजार चौरासी रुपैयाँ छयानब्बे पैसा) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद तथा जरिवानाको सजाय गरी उक्त बिगो निजहरुबाट ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुलउपर हुन साथै यथार्थ नाँपजाच गरी कार्य मुल्याङ्कन गर्नुको सट्टा गलत नापी किताव एवं कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने र दस्तखत गरी वास्तविक भए गरेको कार्यको मूल्याङ्कनभन्दा उपभोक्ता समितिलाई बढी भुक्तानी दिने कार्य गरी निजहरु शेर वहादुर श्रेष्ठ र दान वहादुर वुढ्थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा निजहरुलाई ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेत मागदाबी लिइएको छ ।

२. **दैरीखोला रावलवाडा तटबन्धन आयोजनाको उपभोक्ता समितिका अध्यक्ष हस्तविर दमाई, सचिव लोकजङ्ग दमाई र कोषाध्यक्ष भिमलाल दमाईले** तटबन्धन आयोजनाको लागत अनुमान अनुसारको कार्य नगरी प्रहरी चौकी सोरुवर्माका प्रहरी कर्मचारीलाई स्थलगतरुपमा घटनाको अवलोकन नगराई जाली बाढीले बगाएको भन्ने झुट्टा सर्जमिन मुचुल्कासमेत गर्न लगाई रु.१८,१०,०८४।९६ बढी भुक्तानी लिई आफुहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले **निजहरु हस्तविर दमाई, लोकजङ्ग दमाई र भिमलाल दमाईलाई** रु.१८,१०,०८४।९६ (अक्षरुपी अठार लाख दश हजार चौरासी रुपैयाँ छयानब्बे पैसा) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कैद तथा जरिवानाको सजाय गरी उक्त बिगोसमेत निजहरुवाट ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम जफत हुनसमेत मागदाबी लिइएको छ ।

३. **सोरु गाँउपालिका वडा नं. ४ को तत्कालीन वडाअध्यक्ष डवले शाहीले** तटबन्धन आयोजनाको उपभोक्ता समितिमार्फत भएको कार्यको इस्टिमेट अनुसारको कार्यसम्पन्न भएको छ/छैन भन्ने जानकारी नलिई हचुवाको भरमा योजनाको काम सम्पन्न भएकोले भुक्तानी गरिदिन भनी सिफारिस गरी एवं प्रहरी चौकी सोरुवर्माका प्रहरी कर्मचारीले स्थलगतरुपमा घटनाको अवलोकन नगरी जाली बाढीले बगाएको भन्ने झुठ्ठा सर्जमिन मुचुल्कामा रोहवरमा वसी योजनाको यथार्थ कार्य मुल्याङ्कन भन्दा रु.१८,१०,०८४।९६ बढी उपभोक्ता समितिलाई भुक्तानी गर्ने कार्यमा मतियार भई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कसुरमा ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको कसुर गरेकोले निज वडाअध्यक्ष **डवले शाहीलाई** रु.१८,१०,०८४।९६ (अक्षरुपी अठार लाख दश हजार चौरासी रुपैयाँ छयानब्बे पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) ले हुने सजायमा ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्याशं बमोजिम सजायको मागदाबी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी